# विश्वव्यापी

# सामुदायिक

# परीक्षण

# कार्यक्रम

विवरणहरुको लागि, कृपया communitytest.gov.hk मा हेर्नुहोस् ।

24- घण्टा हटलाइन 3142 2368

## उद्देश्य

विश्वव्यापी सामुदायिक परीक्षण कार्यक्रम (UCTP) को उद्देश्य हङकङमा कोभिड-19 संक्रमण अवस्थालाई राम्रो तवरले नापन गर्न र लक्षण नदेखाएका बिरामीहरुलाई सकेसम्म चाडो भन्दा चाडो पत्ता लगाई सुरुवाती पहिचान, सुरुवाती अलगीकरण तथा सुरुवाती उपचार गरि समुदायमा भाइरस फैलिनबाट रोक्नु हो । UCTP ले नि:शुल्क भाइरस जाँच लिन चाहाने आम सर्वसाधारणहरुलाई सो सेवा उपयोग गरुन भन्ने पनि लक्ष्य राख्दछ ।

UCTP मा सहभागिता स्वेच्छिक हो । यस जाँचका लागि योग्य नहुने केहि व्यक्तिहरु बाहेक, लक्षणहरु नदेखिएका सबै हङकङ बासिन्दाहरुले एक पटकको कोभिड-19 जाँच नि:शुल्क गर्न सक्छन । यसले स्वास्थ्य विभाग (डिपार्टमेन्ट अफ हेल्थ) लाई संक्रमित मानिसहरु चाडो भन्दा चाडो पहिचान गर्न सजिलो हुनेछ, विशेषगरी लक्षण नदेखाएका भाइरस भएका बिरामीहरु ।

महामारीको तेस्रो लहरमा संक्रमणका स्रोतहरु अन्जान रहेका धेरै नयाँ बिरामीहरु देखा परेका छन, र यस्ता बिरामीहरुले विभिन्न क्षेत्रहरु तथा वातावरणलाई समेट्दछ । अहिले पनि समुदायमा लुकेका वा लक्षण नदेखाएका भाइरस संक्रमणको लहरहरू देखा परिरहेको छ,जुन चिन्ताजनक छ । भाइरस संक्रमणको लहरलाई चाडो भन्दा चाडो तोड्न बहु-प्रकारका कदम चाल्नु जरुरी छ, र हामी प्रत्येकले यस कार्यक्रममा भाग लिएर एक भूमिका निभाउन सक्छौं । सो गर्नाले, हामीले पुन: साधारण जीवन तथा आर्थिक क्रियाकलापहरुमा भाग लिन, साथै हङकङले सामना गरिरहेको गंभीर आर्थिक तथा रोजगार चुनौतीहरुलाई सामना गर्नमा सहयोग गर्न सक्छौं ।

सरकारले आशा राख्दछ कि प्रत्येक योग्य नागरिकहरुले, आफ्नै लागि र उनीहरुका प्रिय परिवारजनहरु र साथीहरु, सहकर्मीहरु, सबै समर्पित चिकित्सा कर्मचारीहरु तथा समुदायका सबैजना UCTP मा भाग लिनेछन।

## लक्षितहरु

- मान्य हङकङ परिचय पत्र वा जन्म दर्ता (स्थायी र गैर-स्थायी दुवै बासिन्दाहरु) हुने सम्पूर्ण हङकङ बासिन्दाहरुले UCTP मा स्वेच्छिक रुपले भाग लिन सक्छन् ।
- 6 वर्ष भन्दा कम उमेरका बालबालिकाहरु र मानिसहरु जसको घाँटी वा नाकको शल्यक्रिया गरेका छन् उनीहरु UCTP मा **भाग लिन योग्य छैन्न** ।

## प्रकृति

- एक पटकको लागि जाँच नि:शुल्क
- स्वेच्छिक सहभागिता

## मितिहरु

- 1 सप्टेम्बरबाट सात दिनका लागि । प्रगति अनुसार अधिकतम अर्को सात दिनका लागि लम्ब्याउन सकिने ।

## स्थानहरु

- हङकङको 18 जिल्लाहरुमा सामुदायिक परीक्षण केन्द्रहरु(CTCs, कम्यूनिटी टेस्टीङ सेन्टरस्) स्थापना गरिनेछ ।
- CTCs बिहानको 8 बजे देखि बेलुकीको 8 बजेसम्म खुला रहनेछ (सरसफाई र किटाणुशोधन गर्न 1 घण्टाको विश्राम सहित) ।
- सबै CTCs ले उपयुक्त संक्रमण रोकथाम उपायहरु लागू गर्नेछ र सामाजिक दूरी कायम गर्न सहभागीहरुलाई प्रर्याप्त प्रतीक्षालय को आरक्षण गर्नेछ ।

## कसरी भाग लिने

- भीडभाड जम्मा हुनुबाट रोक्नको लागि ,आम जनताहरुले अनिवार्य अनलाइनबाट अपोईन्टमेन्ट लिनुपर्दछ ।
- अपोईन्टमेन्ट लिदा व्यक्तिको नाम, हङकङ परिचय पत्र नम्बर र मोबाइल फोन नम्बर प्रदान गर्नुपर्दछ । सहभागीहरूले CTC छनौट गर्न, मिति र समय तालिका छनौट गर्न पनि सक्दछन् ।

## नमूना संकलन विधि

- चिकित्सा र स्वास्थ्य सेवा प्रशिक्षण गरेका कर्मचारीद्वारा नाक र घाँटीबाट एकैचोटी निकालिएको स्वाबको नमूनाहरू संकलन गरिनेछ ।
- सहभागीहरुलाई नेगटिव परिणामको सूचना SMS द्वारा सुचित गरिनेछ ।पोसिटिव परिणाम हुनेहरुलाई अलगाव(आइसोलेसन) को व्यवस्था गर्न र सार्वजनिक अस्पतालमा उपचार गर्न स्वास्थ्य विभागले सम्पर्क गर्नेछ ।

## गोपनियताको सुरक्षा

- UCTP ले कोभिड-19 भाइरसको लागि मात्र परीक्षण गर्नेछ। सबै परीक्षण हङकङमा आयोजित गरिनेछ। नमूनाहरू हङकङमा नै राखिनेछ र कार्यक्रम समाप्त भएको एक महिना भित्र नष्ट गरिनेछ।
- सहभागीहरूको व्यक्तिगत डाटा गुप्तिकरण (ईन्क्रिप्टेड) गरिनेछ र सरकारी डाटा केन्द्र(गर्भमेन्ट डाटा सेन्टर) भित्रको सर्भरमा संग्रह गरिनेछ। स्वास्थ्य विभाग(डिपार्टमेन्ट अफ हेल्थ) र सम्बन्धित विभागहरूलाई मात्र रोग नियन्त्रणको उद्देश्यका लागि डाटा उपलब्ध हुनेछ र व्यक्तिगत डाटा (गोपनीयता) अध्यादेश (क्याप 486) को प्रावधान अनुसार व्यवस्था गरिनेछ। सबै व्यक्तिगत डाटा र परीक्षणको परिणामहरू कार्यक्रम समाप्त भएको एक महिना भित्र निराकरण गरिनेछ।

(नमूना संकलन स्थानहरु)